नेपाल सरकार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# तराई-मधेश समृद्धि कार्यक्रम

केन्द्रीय समन्वय इकाई

सिंहदरवार, काठमाडौं

## आयोजना/कार्यक्रम माग/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः २०७६/१०/२८)

तराई-मधेश समृद्धि कार्यक्रम संचालन कार्यविधि, २०७५ (दोस्रो संशोधन २०७६/१०/१९) अनुसार आगामी आ.व. २०७७/०७८ को लागि कार्यविधिमा तोकिएको शर्त र मापदण्ड भित्र रही (कार्यविधि तपसिलमा उल्लेखित वेबसाइटमा हेर्न सकिने छ।) आयोजना/कार्यक्रम संचालन गर्न इच्छुक तराई-मधेशका २२ जिल्लाका २७७ स्थानीय तह (महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका तथा गाउँपालिका) हरुबाट कार्यविधिको दफा-७ मा तोकिएका कार्यक्रम संचालनका क्षेत्रहरु (क) सामूहिक आवास भवन (ख) साना सडक स्तरोन्नति कार्यक्रम* (ग) सामुदायिक पूर्वाधार (घ) कृषि विकास (ङ) खानेपानी तथा सरसफाइ (च) सिंचाइ तथा नदी नियन्त्रण (छ) उर्जा (ज) विपद् न्यूनीकरण पूर्वाधार (झ) पारम्पारिक पेशा प्रवर्धनात्मक एंव आय आर्जन तथा जीवनस्तर सुधार कार्यक्रम (कार्यविधिको दफा ७(झ) मा तोकिएका विवरण र शर्त अनुसार कार्यविधिको अनुसूची -४ मा उल्लेख भएका वर्ग र समुदायसंग प्रत्यक्ष सरोकार राख्ने तथा तत् तत् समुदाय लाभान्वित हुने प्रकृतिका अनुसूची -५ मा तोकिएका कार्यक्रम) मध्येबाट आयोजना कार्यक्रमहरु संचालनका लागि कार्यविधिको अनुसूची-२ मा उल्लेखित **आयोजना/कार्यक्रम माग फारम** सहितको आयोजना/कार्यक्रम प्रस्ताव २०७६ फागुन मसान्त भित्र तराई-मधेश समृद्धि कार्यक्रम केन्द्रीय समन्वय इकाईको वेबसाइटमा रहेको रिपोर्टिंग सफ्टवेयरमा प्रविष्ट गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**द्रष्टव्यः १. चालु आ.व. २०७६/०७७ मा कार्यक्रम स्वीकृत भई कार्यान्वयनमा रहेका स्थानीय तहहरुले माग/प्रस्ताव पेश गर्दा कार्यान्वयनको प्रगति अनिवार्य रुपमा संलग्न राखी पेश गर्नुपर्ने छ । साथै आगामी आ.व.को आयोजना/कार्यक्रमको स्वीकृतिको आधार प्रगति प्रतिवेदनलाई बनाइने व्यहोरा समेत जानकारी गराइन्छ ।**

**२. आयोजना माग एवं सिफारिस सहितको प्रस्ताव तल उल्लेखित रिपोर्टिंग सफ्टवेयरमा प्रविष्ट गर्नु पर्नेछ ।**

**थप जानकारीका लागि सम्पर्क : शाखा अधिकृत श्रवण कुमार लुइटेल : ९८६०८८७३९३ शाखा अधिकृत हरिभक्त पोखरेल : ९८४२०५५५५८, कम्प्युटर अपरेटर इश्वर घिमिरे : ९८४९३३८४९९**

**वेबसाइटः tmpp.mofaga.gov.np / mofaga.gov.np**

**रिपोर्टिंग सफ्टवेयरः wppms.tmpp.mofaga.gov.np** (डा. भोजराज घिमिरे :९८४११९७२३३)

* **साना सडक स्तरोन्नति कार्यक्रम पेश गर्दा माग प्रस्ताव गर्ने स्थानीय तहले केन्द्रबाट स्वीकृत हुने बजेटको कम्तिमा ३०% लागत साझेदारी गर्ने आधिकारिक प्रतिवद्धता अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।**

**कार्यक्रम निर्देशक**